# नेपाल कुमाल महिला विकास संघ

## भूमिका :

कुमाल जाति नेपाल सरकारद्वारा मान्यता प्राप्त ५९ आदिवासी जनजातिहरू मध्ये एक आदिवासी जनजाति हो र यसलाई सिमान्तकृत समूहमा सूचिकृत गरिएको छ । कुमाल जातिको बाक्लो बसोबास नेपालको पश्चिमी भेगका जिल्लाहरू नवलपरासी, अर्घाखाँची, गोर्खा, तनहुँ र पाल्पा आदिमा रहेको पाइन्छ । नेपाल केन्द्रिय तथ्याङ्क विभागको तथ्याङ्क (२०५८) अनुसार कुमालहरूको हालको जनसंख्या जम्मा ९९,३८९ रहेको छ । जसमा ४८,८८३ पुरुषको र २०,५०७ महिलाहरूले जनसंख्या रहेको छ ।

कुमाल जातिको प्रमुख पेशा कृषि भए तापनि धेरै कम संख्यामा यिनीहरू व्यापार, व्यासाय र अन्य अस्थाई नोकरी गरिरहेका छन् । कुमाल जातिहरूमा माटाका भाँडाकुँडाहरू बनाउने परम्परागत सीप पनि रहेको पाइन्छ ।

नेपाल कुमाल महिला समुदाय विकास समिति (ने.कु.म.स.वि.स.), कुमाल महिलाहरूको सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक हक र अधिकारलाई सम्बर्द्धन र प्रबर्द्धन गर्ने प्रतिबद्धताका साथ स्थापना भएको एक मुनाफारहित स्वतन्त्र, गैर राजनीतिक, विशुद्ध जातीय संस्था हो । यो संस्था २०६० सालमा स्थापना भई जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता हुनुको साथै समाज कल्याण परिषद्मा पनि आबद्ध भईसकेको छ । साथै यो राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ, २२ वटा आदिवासी जनजाति महिलाहरूको छाता संगठनको पनि एक सदस्यको रूपमा रहेको छ ।

## संस्थाको संरचना :

नेपाल कुमाल महिला विकास संघ( ने.कु.म.स.वि.सं ) को केन्द्रिय समितिको विधान अनुसार प्रत्येक ३/३ वर्षमा एक पटक हुने महाधिवेशनको लोकतान्त्रिक निर्वाचन प्रकृयाबाट १३ सदस्यीय केन्द्रिय कार्यकारिणी समितिको चयन हुने गर्दछ । महाधिवेशनले पारित गरेको नीति, नियम र मार्गनिर्देशन अनुसार संस्थाको कार्यक्रमहरूको निरिक्षण र नियन्त्रण गर्ने जिम्मा पनि उक्त केन्द्रिय समितिमा नै रहने गर्दछ ।

### सांगठनिक ढाँचा



## समग्र विकासका दिर्घकालिन सोच :

कुमाल महिलाहरूलाई राष्ट्र विकास प्रकृयामा समाहित गराउँदै जातीय, भाषिक, धार्मिक र लैङ्गिक आधारमा समता र समानता प्राप्त गराउन सक्षम बनाउने ।

## संस्थाको दीर्घकालीन सोंच :

अबको १० वर्षपछि ने.कु.म.वि.सं मानवीय, भौतिक साधन र सुविधाले सम्पन्न भई किरात राईहरूको बसोबास रहेको क्षेत्रको संगठन विस्तार गरी सम्पूर्ण कुमाल  महिलाहरूको साझा संस्थाको रूपमा स्थापित भएको हुनेछ ।

## ध्येय :

समाजमा रहेका कुमाल महिलाहरूलाई ग्रामिण तहदेखि जिल्ला हुँदै राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरसम्म ल्याउन सशक्तिकरण गर्नुका साथै समाजमा विद्यमान लैङ्गिक र जातीय विवेदहरूलाई हटाउन योगदान पुऱ्याउने ।

## उद्देश्यहरू :

१. कुमाल  महिलाहरूलाई सामाजिक, सांस्कृतिक, आर्थिक, भाषिक र जातीय पहिचानप्रति सचेत गराउने ।
२. कुमाल महिलाहरूलाई तालिम, कार्यशाला गोष्ठी, अर्न्तकृया, प्रकाशन, अध्ययन तथा अनुसन्धान आदि कार्यक्रमहरूद्वारा सशक्तिकरण गराउने ।
३. कुमाल महिलाहरूलाई राज्य संयन्त्रमा मूलप्रवाहित गराउन वकालत तथा पहल गर्ने ।
४. आदिवासी जनजाति तथा महिलाहरूको आवाजलाई बुलन्द पार्न साझा उद्देश्य भएका राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ/संस्थाहरूसँग सम्बन्ध विस्तार गर्ने ।
५. कुमाल समुदाय माझ लैङ्गिक सचेतना सम्बन्धी कार्यक्रमहरू गर्ने ।
६. संस्थाको आन्तरिक क्षमता अभिवृद्धि गर्ने ।

## कार्यक्रम/कृयाकलाप :

कुमाल महिलाहरू समाजबाट संचालन हुने क्रियाकलापहरू :
१. कुमाल महिलाहरूका भाषा तथा संस्कृति जर्गेना गर्नेमा प्रोत्साहन दिने खालका कार्यक्रमहरू
२) कुमाल महिलाहरूलाई आर्थिक, सामाजिक र राजनैतिकरूपमा सशक्तिकरण गर्ने खालका कार्यक्रमहरू

- जातीय चेतना अभिवृद्धि तालिम
- महिला अधिकारबारे चेतना अभिवृद्धि तालिम
- आय आर्जनका कार्यक्रमहरू

३. संगठनको विस्तार र विकासका लागि विभिन्न जिल्लाहरूमा गठन भएका जिल्ला समितिहरूको संस्थागत विकास गर्ने र बाँकी रहेका जिल्लाहरूमा समिति, नगर विकास समिति र गाउँ विकास इकाई समितिहरू गठन र विस्तार

४. कुमाल  महिलाहरूकालागि दिगो जिवीकोपार्जनका परम्परागत ज्ञान र  सीपको विकासका साथै स्थानीय स्रोत साधानमा पहुचको लागि कार्यक्रमहरू
५.कुमाल महिलाहरू हक र अधिकार स्थापित गर्ने खालका कार्यक्रमहरू

६. ने.कु.म.स.वि.सं सँग साझा सवालहरू भएका अन्य संघ संस्थाहरूसँग सम्बन्ध विस्तार गर्दै जाने ।

७. कुमाल  महिलाहरूको जातीय पहिचानलाई दस्तावेजिकरण गर्दै जाने  ।

## कार्यक्रमको मुख्य उपलब्धिहरू :

१. कुमाल महिलाहरू आर्थिक, सामाजिक र राजनैतिकरूपमा सशक्तिकरण भएका हुनेछन् ।

२. नेपाल कुमाल महिला विकासको विभिन्न जिल्ला, गाउँ, र इकाई समितिहरूमा संगठनको विस्तार र विकास भएको हुनेछ ।

३.कुमाल महिलाहरूले परम्परागत ज्ञान र सीपको विकास गर्न सक्षम भएका हुनेछन् ।

४.कुमाल महिलाहरूको भाषा तथा संस्कृति जर्गेना भएको हुनेछ ।
५.कुमाल महिलाहरूको हक र अधिकार स्थापित भएको हुनेछ ।
६. कुमाल महिलाहरूको जातीय पहिचानलाई दस्तावेजिकरण हुनेछ  ।

## ठेगाना :

नेपाल कुमाल महिला विकास संघ
केन्द्रिय कार्यालय
अनामनगर, काठमाडौं
फोन : 4262421
**Email** : kumalwomen2003@hotmail.com